नेपाल सरकार

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग

## बैदेशिक श्रम स्वीकृति शाखा

ताहाचल, काठमाडौ

प.स. २०८२/०८३

च.नं.

## सूचना

मिति : २०८२।१०।०८

नेपाली राजदूतावास, टोकियो, जापानबाट जापान देशसँग सम्बन्धित वैदेशिक रोजगारी ठगीमा संलग्नलाई कारबाही तथा जापान देशको व्यक्तिगत श्रम स्वीकृतिलाई व्यवस्थित बनाउने विषयमा पत्राचार भैआएको छ । उक्त पत्रबाट जापानमा व्याचलर, कुक तथा सीपयुक्त कामदार लगायतका भिषामा व्यक्तिगत श्रम स्वीकृति लिई आउने व्यक्तिहरु अत्याधिक मात्रामा ठगीमा पर्ने, चर्को शुल्क तिर्ने, भने अनुसार काम र तलब नपाउने गरेको भनी जानकारी प्राप्त हुन आएको छ ।

व्यक्तिगत श्रम स्वीकृति लिई जापान जाने व्यक्तिहरुलाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति नभएका विभिन्न कन्सल्टेन्सी, संस्था तथा व्यक्तिले जापान देशमा काम लगाईदिने आश्वासन दिई विभिन्न प्रकारका भिषा तथा रोजगारी सम्बन्धी कागजात बनाई व्यक्तिगत श्रम स्वीकृतिको आवेदन गरिदिने र चर्को शुल्क असुली गरेको गुनासो समेत प्राप्त भएकोले वैदेशिक रोजगारी व्यवसाय संचालन गर्ने अनुमति नभएका कोही/कसैले यस्तो कानून विपरितको कार्य नगर्न/नगराउन सूचित गरिन्छ ।

साथै, वैदेशिक रोजगारीमा जापान जाने व्यक्तिहरुले समेत आफूलाई प्राप्त भएको भिषाको प्रकार, COE, करार सम्झौता, रोजगारदाता कम्पनी/संस्था सम्बन्धमा आधिकारिक जानकारी प्राप्त गरी श्रम स्वीकृतिको लागि आवेदन गर्नुहुन अनुरोध गरिन्छ । साथै, कोही/कसैले पनि जापानमा रोजगारीमा पठाइदिन्छु, भिषा लगाइदिन्छु भनी आश्वासन दिई वा जापानबाट रोजगारी सम्बन्धी COE/करार सम्झौता/भिषा आयो भनी रकम माग गरेमा वा जापानमा वैदेशिक रोजगारीमा पठाइदिने भनी चर्को शुल्क असुल गरेमा सप्रमाण सम्बन्धित निकायमा उजुरी गर्नुहुन अनुरोध गरिन्छ ।

साथै, पछिल्लो समयमा Transport Driver Candidate Visa मा व्यक्तिगत श्रम स्वीकृतिको लागि निवेदन पेश हुने गरेको सन्दर्भमा उक्त भिषाको प्रकृति जापानमा ड्राईभिङ लाईसेन्सको परीक्षा दिनुपर्ने र परीक्षा पास गरेको अवस्थामा निज स्वयंले नै रोजगारी तथा रोजगारदाता खोज्नुपर्ने भएकोहुँदा उक्त Visa बाट जापानमा रोजगारीको सुनिश्चितता हुने नभएकोले उक्त Visa मा श्रम स्वीकृत जारी नगरिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

२०८२।१०।०८

(सुरेश क्षेत्री)

शा.अ.